## मिति २०७९।११।०४ गते बसेको विहादी गाउँकार्यपालिका बैठकको निर्णयहरु

**निर्णयहरु :**

**निर्णय नं. १ :**
मिति २०७९।१०।१० गते सम्पन्न भएको यस विहादी गाउँपालिकाको एघारौँ गाउँसभा बैठकको समिक्षा गरियो ।

**निर्णय नं. २ :**
नेपाल सरकार, भूमि सम्बन्धि समस्या सामाधान आयोगलेको "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७८" बमोजिम यस विहादी गाउँपालिकाका विभिन्न वडाहरुमा रहेको वडा स्तरिय भूमि सम्बन्धि समस्या समाधान सहजिकरण समितिबाट सिफारिस तथा गाउँपालिका स्तरिय भूमि सम्बन्धि समस्या समाधान सहजिकरण समितिको मिति २०७९।१०।२२ गतेको वैठकबाट सिफारिस भई आएका देहाय बमोजिमका भूमिहीन दलित, भूमिहीन सकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई भूमि व्यवस्थापनको लागि भूमि सम्बन्धि समस्या समाधान आयोगमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**देहाय :**

**भूमिहिन दलित :**

| क्र.स. | नाम थर | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | कृष्ण बहादुर वि.क. | १ | |
| २ | कलीनाथ वि.क. | १ | |
| ३ | गंगा बहादुर विश्वकर्मा | १ | |
| ४ | रत्न बहादुर वि.क. | १ | |
| ५ | नविन वि.क. | १ | |
| ६ | अनिल वि.क. | १ | |
| ७ | लक्ष्मी वि.क. | १ | |
| ८ | मन बहादुर नेपाली | १ | |
| ९ | नर बहादुर सार्की | १ | |
| १० | भुपाल वि.क. | १ | |
| ११ | कुमार दर्जी | २ | |
| १२ | डिल माया वि.क. | २ | |
| १३ | लोक वहादुर नेपाली | २ | |
| १४ | मन बहादुर दर्जी | २ | |
| १५ | टिका कुमारी दर्जी | २ | |
| १६ | धिरा दर्जी | ३ | |
| १७ | शेर बहादुर दमै | ३ | |
| १८ | सरुपा दर्जी | ३ | |
| १९ | सृजना दर्जी | ३ | |
| २० | मन बहादुर वि.क. | ५ | |

**भूमिहिन सुकुम्बासी :**

| क्र.स. | नाम थर | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | पुर्ण बहादुर थापा | १ | |
| २ | गोपाल माझी | १ | |
| ३ | नन्दकला थापा | १ | |
| ४ | मन कुमारी खत्री | १ | |
| ५ | ज्ञान बहादुर घर्ती | ३ | |
| ६ | ज्ञान बहादुर थापा | ३ | |
| ७ | चिरन्जीवी काफ्ले | ३ | |
| ८ | पंफा गिरी | ३ | |
| ९ | कमलेस कुमार पौडेल | ३ | |
| १० | खुमकान्त भुसाल | ४ | |
| ११ | सुरज लामा | ४ | |
| १२ | थर्क वहादुर थापा | ५ | |
| १३ | दल बहादुर अर्याल | ५ | |

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

**अव्यवस्थित बसोबासी :**

| क्र.स. | नाम थर | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | डिल कुमारी के.सी | १ | |
| २ | खड्क बहादुर थापा | १ | |
| ३ | शेर बहादुर थापा | १ | |
| ४ | डाल कुमारी कोईराला | १ | |
| ५ | सुरेश बहादुर क्षेत्री | १ | |
| ६ | दिप कुमारी गुरुङ | १ | |
| ७ | सुमित्रा सार्की | १ | |

**निर्णय नं. ३ :**

विहादी गाउँपालिकाको भूमि सम्बन्धि समस्या समाधान सहजिकरण समितिको मिति २०७९।१०।२२ गतेको निर्णयानुसार यस विहादी गाउँपालिका अन्तर्गत १ नं. वडा बाच्छा स्थित दुर्लाङ को सार्वजनिक जग्गामा बसोवास गरि भोगचलन गर्दै आएका तथा जग्गा व्यवस्थापनका लागि अव्यवस्थित बसोबासीको फर्म भरेका व्यक्तिहरुले भोगचलन गरेको जग्गा निजहरुलाई उपलब्ध गराउन सक्ने / नसक्ने सम्बन्धमा निर्णय गर्न कार्यपालिकामा पेश गर्ने निर्णय बमोजिम यस कार्यपालिका बैठकमा पेश हुन आएका देहाय बमोजिमका अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापनको लागि निजहरुले उपभोग गर्दै आईरहेको जग्गा निजहरुलाई उपलब्ध गराउन नसकिने भएकोले भूमि व्यवस्थापनको आवश्यक प्रकृयाको लागि भूमि आयोगमा पठाउने निर्णय गरियो ।

| क्र.स. | नाम थर | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | डिल कुमारी के.सी | १ | |
| २ | खड्क बहादुर थापा | १ | |
| ३ | शेर बहादुर थापा | १ | |
| ४ | डाल कुमारी कोईराला | १ | |
| ५ | सुरेश बहादुर क्षेत्री | १ | |
| ६ | दिप कुमारी गुरुङ | १ | |
| ७ | सुमित्रा सार्की | १ | |

**निर्णय नं. ४ :**

विहादी गाउँ कार्यपालिकाको कार्यालयको प्रशासकीय भवन पछाडी रहेको विहादी गाउँपालिका ४ नं. वडा वहाकीठाँटी निवासी भक्तिराम भुसालको नाती, लछुमन भुसालको छोरा चन्द्रकान्त भुसालको नाममा रहेको कित्ता नं. १२८१, क्षेत्रफल ०-८-३-२ को जग्गा कार्यालयको कम्पाउण्डीङको लागि कार्यालयलाई आवश्यक परेकाले जग्गा व्यवस्थापन समितिको सिफारिस तथा गाउँ कार्यपालिकाको मिति २०७९ पौष २६ गतेको निर्णयानुसार उक्त जग्गा विहादी गाउँ कार्यपालिकाको नाममा नामसारी गर्न यस कार्यालयका कर्मचारीलाई अख्तियारी दिई मालपोत कार्यालय पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

चालु आ.व. २०७९।८० मा यस गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी तरिकाले सञ्चालन गर्नको लागि तयार गरिएको बहुक्षेत्रीय पोषण सम्बन्धी वार्षिक कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस विहादी गाउँपालिकाबाट तयार गरि पेश हुन आएका तपसिल अनुसारका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. एकिकृत खोर सुधार अनुदान कार्यक्रम कार्यविधि, २०७९
२. भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९

**निर्णय नं. ७ :**

राष्ट्रिय हात्तीपाईले रोग निवारण कार्यक्रम अन्तर्गत चालु आ.व. २०७९।८० मा हात्तीपाईले रोग विरुद्धको आम औषधि खुवाउने कार्यक्रम यहि मिति २०७९ फागुन ११ गते देखि १७ गते सम्म सञ्चालन हुन गईरहेकोले उक्त कार्यक्रम सफल बनाउनको लागि यस विहादी गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सक्रियतामा व्यापक प्रचार प्रसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

चालु आ.व. २०७९।८० मा नेलम्बो नेपालको आर्थिक र प्राविधिक सहयोग तथा विहादी गाउँपालिकाको आयोजनामा विहादी गाउँपालिका स्तरीय निशुल्क स्वास्थ्य शिविर २०७९ फागुन १२, १३ र १४ गते देहाय अनुसार सञ्चालन हुन गईरहेकोले प्रत्येक वडाले तोकिए अनुसारको मितिमा स्वास्थ्य जाँचको लागि व्यापक प्रचार प्रसार गरि स्वास्थ्य जाँचमा सहभागी गराउने र स्वास्थ्य शिविर सञ्चालनमा व्यवस्थापकीय, ईन्धन र खाना बस्नको खर्च गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

देहाय :

... बहादुर कार्की
... अधिकृत

| क्र.स. | शिविर सञ्चालन हुने वडा | शिविर सञ्चालन हुने मिति | कैफियत |
|---|---|---|---|
| १ | ४ नं. वडा वहाकीठाँटी<br>६ नं. वडा शालिग्राम | २०७९।११।१२ गते, शुक्रवार | |
| २ | १ नं. वडा बाच्छा<br>५ नं. वडा उरामपोखरा | २०७९।११।१३ गते, शनिवार | |
| ३ | २ नं. वडा बर्राचौर<br>३ नं. वडा रानीपानी | २०७९।११।१४ गते, आईतवार | |

**निर्णय नं. ९ :**
नेपाल सरकारको प्रत्येक स्थानीय तहमा अस्पताल स्थापना गरि सञ्चालन गर्ने नीति अनुरुप स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०७७।०९।२१ गतेको पत्रानुसार विहादी गाउँ कार्यपालिकाको २०७७।११।२८ को निर्णयानुसार विहादी गाउँपालिका ४ नं. वडा वहाकीमा १० शैयाको अस्पताल निर्माणको लागि माग गरि पठाईएकोमा उक्त निर्णयको कार्यान्वयनको लागि पुन अनुरोध गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं . १० :**
चालु आ व २०७९।८० को वार्षिक कार्यक्रम अन्तर्गत कृषि कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा मिनि टिलर वितरणको लागि रु पाँच लाख रुपयाँ विनियोजन गरिएकोमा उक्त कार्यक्रममा विनियोजित बजेट भन्दा बढी प्रस्ताव पेश हुन आएकोले कृषि भैपरि शिर्षकमा विनियोजित रकमबाट पाँच लाख रुपयाँ ५० प्रतिशत अनुदानमा मिनि टिलर वितरण शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**
विहादी गाउँपलिकामा विगत ३ वर्षदेखि क्यानलानको सहयोगमा JCYCN संस्थाले विहादी गाउँपालिकाका विद्यायहरुमा दिवा खाजा र पोषण सुधारमा काम गर्दै आईरहेको र हाल उक्त कार्यक्रमको समयवाधि समाप्त भएकोले उक्त कार्यक्रमलाई निरन्तरता दिन अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त संथालाई विद्यार्थीहरुको वार्षिक रुपमा स्वास्थ्य परिक्षण गराउन समेत अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**
चालु आ व २०७९।८० मा विहादी गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने कालीगण्डकी नदीबाट नदिजन्य पदार्थ विक्रिको लागि पटक पटक ठेक्का आह्वानको सूचना प्रकाशन गरिएको भएता पनि केही नाकाहरुको ठेक्का लाग्न नसकेकोले ठेक्का लाग्न नसकेका नाकाहरुमा अमानतबाट नदिजन्य पदार्थ विक्रि गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:**
विहादी गाउँपालिका अन्तर्गत विपद् मा परेका व्यक्तिहरुलाई घर निर्माणको लागि राहत उपलब्ध गराउनको लागि यस कार्यालयमा निवेदन पेश भएका विहादी गाउँपालिका ६ नं वडा शालिग्राम निवासी राम प्रसाद पाण्डेलाई जिल्ला प्रशासन कार्यालय कुश्मा पर्वतमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**मिति २०७९।११।०४ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित**

चुर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०७९।११।०५

चूर्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३